नि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९   स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१   अंक २१६   २०७८ साल चैत १५ गते मंगलबार (29 Mar. 2022 Tuesday)   मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

गर्मी मौसममा,

- झाडापखाला, वान्ता, आउँ, जण्डिस, टाईफाइडजस्ता रोगको जोखिम बढि हुन्छ ।
- लामखुट्टे, झिंगा, भुसुना आदीबाट रोग सर्न सक्दछ ।

त्यसैले, व्यक्तिगत सरसफाई र जनस्वास्थ्यका मापदण्ड पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : प्रधानमन्त्री देउवा ... ३ पृष्ठमा : साना दलले पनि दलकै चिह्नमा ... ३ पृष्ठमा : इजरायलका प्रधानमन्त्री ...

## जुवा खेलिरहेका घरधनीसहित ८ जना व्यक्ति पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १४ चैत ।**

राजविराज वडा नं. ९ गढीया टोलबाट प्रहरीले ८ जना व्यक्तिलाई जुवा खेल्दै गरेको अवस्थामा पक्राउ गरेको छ ।

स्थानिय बिरेन्द्र प्रसाद यादवको घरमा यादवसहित ८ जना व्यक्तिलाई जुवा खेलीरहेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा घरधनी यादवसहित राजबिराज ९ निवासी ५२ वर्षिय बिरेन्द्र प्रसाद यादव, ४० वर्षिय सन्तोष दास, ३१ वर्षिय बिजय दास, रुपनी गाउँपालिका ५ निवासी २७ वर्षिय सरोज कुमार शर्मा, ४० वर्षिय बिद्यान्द ठाकुर, राजबिराज ६ निवासी ४२ वर्षिय नवल किशोर चौधरी, डाक्नेशवरी नगरपालिका ७ निवासी ४० वर्षिय सुर्य देव राय र वडा नं. ८ निवासी ४३ वर्षिय रामलाल मुखिया रहेका छन् ।

उनीहरुको साथबाट जुवा खेल्न प्रयोग हुने कौडा १६ थान, बिभिन्न दरको नेपाली नोट ४५ हजार र भारतिय रुपैया ३ सय तीस बरामद भएको प्रहरीले जनाएको छ ।

वडा प्रहरी कार्यालय राजबिराजबाट प्रहरी नायब निरिक्षक सुमन महन्त गिरीको कमाण्डमा खटेको प्रहरी टोलीले घरमा छापा मारि जुवा खालबाट कौडा समेतका दशी प्रमाणसहित उनीहरुलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

पक्राउ परेकाहरुलाई जुवा सम्बन्धी कसुरमा मुद्दा दर्ता गरी सोमबारै मुद्दा म्याद थप गरी अन्य थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

## सशस्त्रद्वारा कटुवा पेस्तोल बरामद

**दैनिक समाचारदाता**
**राजविराज, १४ चैत ।**

सप्तरीको राजगढ गाउँपालिका ६ बाट सशस्त्र प्रहरीले आइतबार राती एक थान कटुवा पेस्तोल बरामद गरेको छ ।

प्रहरीका अनुसार आइतबार राती करिब ११ बजेतिर उक्त गाउँपालिका ६ बर्दाहीस्थित आँपको बगैचाबाट एक थान कटुवा पेस्तोल बरामद गरिएको हो ।

भारतबाट चोर बाटो हुँदै लुकिछिपि हतियार ल्याउँदै गरेको गोप्य सूचना आएपछि



पुगेको प्रहरी टोलीलाई देख्ना साथ ती व्यक्तिले साथमा रहेको झोला फ्याली फरार भएको सशस्त्र प्रहरी बल नेपाल नं. ६ गण हेड क्वाटर सप्तरीका सूचना अधिकारी श्याममणि ढकालले जानकारी दिएका छन् ।

झोला चेकजाच गर्दा बरामद भएको कटुवा पेस्तोल आवश्यक प्रक्रिया पुरा गरि जिल्ला प्रहरी कार्यालयमा बुझाउने तयारी सँगै फरार व्यक्तिको खोजि कार्य भइरहेको सशस्त्र प्रहरी बल नं. ६ गण हेडक्वाटर सप्तरीले जनाएको छ ।

## मधेस प्रदेश : 'प्रदेश सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सर्वसम्मतले पारित

धनुषा, १४ चैत (रासस) ।

मधेस प्रदेशको 'प्रदेश सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सर्वसम्मतले पारित भएको छ । चारपटक स्थगित भएपश्चात् सोमबार बसेको मधेस प्रदेशसभाको आठौँ अधिवेशनको १३औं बैठकबाट सो विधेयक पारित भएको हो ।

प्रदेश सरकारका अर्थमन्त्री विजयकुमार यादवले प्रदेश सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरियोस् भन्ने प्रस्ताव बैठकमा प्रस्तुत गर्नुभएको थियो । सहकारी मूल्य, मान्यता र सिद्धान्तअनुरूप प्रदेशस्तरमा कृषि, कालिगढ,

*बाँकी तीन पृष्ठमा*

## हनुमाननगर कंकालिनीको सबै स्वास्थ्य चौकीमा ट्याब वितरण




**दैनिक समाचारदाता**
**राजविराज, १४ चैत ।**


सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाको सबै स्वास्थ्य चौकीमा मधेश प्रदेश सरकारका समाजिक विकास मन्त्री नवल किशोर साहले प्रदेश सरकारको तर्फबाट ट्याब वितरण गरेका छन् ।

डिजिटल फैमिलि हेल्थ फोल्डर बनाउन आवश्यक सीपसंगै ट्याब वितरण गरिएपछि नगरपालिकाका प्रत्येक परिवारको स्वास्थ्य, शैक्षिक लगायतका सत्य तथ्य डाटा बुझ्न र रेकर्ड राख्न सजिलो हुने मन्त्री साहले विश्वास व्यक्त गरे ।

हनुमाननगर कंकालिनी नगरपालिकाको आयोजना तथा मधेश प्रदेशको समाजिक विकास मन्त्रालयको सहयोगमा आयोजित अभिमुखी तथा हस्तान्तरण कार्यक्रमका सहभागीहरुलाई

*बाँकी अन्तिम पृष्ठमा*




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# प्रधानमन्त्री देउवा शुक्रबार भारत भ्रमणमा निस्कँदै

काठमाडौँ, १४ चैत (रासस)।

प्रधानमन्त्री शेरबहादुर देउवाले आगामी शुक्रबारदेखि मित्रराष्ट्र भारतको औपचारिक भ्रमण गर्नुहुने भएको छ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको मैत्रीपूर्ण निमन्त्रणामा प्रधानमन्त्री देउवाले यही चैत १८ देखि २० गतेसम्म भारतको भ्रमण गर्न लाग्नुभएको हो। प्रधानमन्त्रीका साथ उहाँकी धर्मपत्नी डा आरजु राणा देउवा पनि रहनुहुनेछ।

प्रधानमन्त्रीको टोलीमा परराष्ट्रमन्त्री डा नारायण खड्का, नेपाल सरकारका अन्य वरिष्ठ मन्त्री, सचिव र अधिकारी सहभागी हुने परराष्ट्र मन्त्रालयले जनाएको छ। भ्रमणले नेपाल र भारतबीचको बहुआयामिक, सदियौँ पुरानो र सौहार्दपूर्ण सम्बन्धलाई थप प्रगाढ बनाउने विश्वास उक्त मन्त्रालयले व्यक्त गरेको छ।

भ्रमणका क्रममा प्रधानमन्त्रीले भारतका उपराष्ट्रपति एवम्. वेंकैया नायडूसँग शिष्टाचार भेट गर्ने कार्यक्रम छ। प्रधानमन्त्रीले चैत १९ गते हैदरावाद हाउसमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग प्रतिनिधिमण्डलस्तरीय वार्ता गर्नुहुनेछ। भारतका प्रधानमन्त्रीले प्रधानमन्त्री देउवा र उहाँको प्रतिनिधिमण्डलको सम्मानमा दिवा भोजको आयोजना गर्नुहुनेछ।

त्यसैगरी, प्रधानमन्त्री देउवासँग विदेशमन्त्री एस जयशङ्कर तथा भारत सरकारका राष्ट्रिय सुरक्षा सल्लाहकार शिष्टाचार भेट गर्नुहुनेछ। नयाँदिल्लीमा रहँदा प्रधानमन्त्री देउवाले व्यापारी समुदायको भेलालाई सम्बोधन गर्ने कार्यक्रम छ। चैत २० गते काठमाडौँ फर्कनुअघि प्रधानमन्त्रीले वाराणसीको पनि भ्रमण गर्नुहुनेछ।

गत असारमा वर्तमान सरकारको नेतृत्व लिएपछि प्रधानमन्त्रीबाट हुन लागेको यो पहिलो द्विपक्षीय विदेश भ्रमण हो। भारत र नेपालबीच शताब्दीऔँ पुरानो विशेष मित्रता एवं सहयोगको सम्बन्ध रहेको छ। हालका वर्षमा आपसी साझेदारीले सहयोगका सबै क्षेत्रमा उल्लेखनीय वृद्धि देखाएको छ। यो भ्रमणबाट दुई पक्षबीचको घनिभूत सहकार्य र साझेदारीलाई थप सघन तुल्याउन तथा दुई देशका जनताको हितका विषयलाई अगाडि बढाउने अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ।

# नेपाली कांग्रेसका अधिकांश केन्द्रीय सदस्य चुनावी तालमेलका पक्षमा

काठमाडौँ, १४ चैत (रासस)।

नेपाली कांग्रेसका अधिकांश केन्द्रीय सदस्य आगामी स्थानीय तह निर्वाचनमा हाल सत्ता गठबन्धनमा कायम रहेका दलसँग चुनावी तालमेलका पक्षमा धारणा व्यक्त गर्नुभएको छ।

शुक्रबारदेखि जारी केन्द्रीय समिति बैठकमा बोल्ने अधिकांशले स्थानीय आवश्यकता र पार्टीको उपस्थितिका आधारमा चुनावी तालमेल गर्दा नै उपयुक्त हुने राय व्यक्त गर्नुभएको प्रवक्ता डा प्रकाशशरण महतले जानकारी दिनुभयो।

बैठकमा कांग्रेसले स्थानीय तहको निर्वाचनका सन्दर्भमा हाल सञ्चालन गरिरहेको एकमहिने 'घर-घर जाऔँ कांग्रेस जिताऔँ' अभियानको समीक्षाका साथै आगामी निर्वाचनमा पार्टीलाई कसरी बढीभन्दा बढी सिटमा विजयी तुल्याउने भन्नेलगायत समसामयिक विषयमा सदस्यहरूले धारणा प्रस्तुत गर्नुभएको थियो।

प्रवक्ता डा महतले मङ्गलबार दिउँसो पुनः बस्ने केन्द्रीय कार्य समिति बैठकले सदस्यका धारणाका आधारमा आवश्यक निर्णय गर्ने जानकारी दिनुभयो।

# बालविवाह अन्त्यका लागि जागे धार्मिक अगुवा

**प्रकाश सिलवाल**

काठमाडौँ, १४ चैत (रासस)।

कानुनले अपराध माने पनि समाजले अझै छाडिनसकेको गलत प्रथा बालविवाह अन्त्यका लागि धार्मिक अगुवाहरूको भूमिका कस्तो हुन सक्ला ? कुनै पनि धार्मिक ग्रन्थ वा दर्शनले बालविवाहलाई प्रोत्साहन वा मान्यता नदिएकाले धर्मसमेतका आडका नाममा भइरहेको सामाजिक विकृति बालविवाहको क्रम रोकाउन धार्मिक अगुवाहरू किन अग्रसर नहुने ?

समाजलाई प्रभावित पार्न सक्नेमध्येमा पर्ने धार्मिक समुदायले धर्मका सकारात्मक सन्देशलाई प्रवाह गरी गलत सामाजिक व्यवहार र अभ्यासलाई अन्त्य गराउन उत्प्रेरकको भूमिका खेलेर अवश्य पनि बालअधिकारको रक्षा गर्न सक्छन्। हिन्दू धर्मग्रन्थमा मानिस जन्मेपछि २५ वर्षसम्म ब्रह्माचार्य रहनुपर्ने र विवाह गरिँदा 'स्वयंवर' गर्नुपर्ने व्यवस्थाले सम्बन्धित बेहुलाबेहुली आफैँले जानीबुझेर 'स्व' 'यंवर' गरिनुपर्ने सन्देश दिएको छ। बौद्ध धर्मले मानिसले परिपक्व उमेर पुगेपछि मात्रै विवाह गर्न भनेको छ। इस्लाम धर्ममा केटाकेटी दुवै वयस्क भएपछि विवाह गर्न अनुमति दिइएको छ भने जैन धर्मले विवाहका लागि पुरुष ७२ र युवतीहरू ६४ कलाले निपुण हुनुपर्ने उल्लेख गरेको छ।

बालविवाह अन्त्यका लागि भएका विभिन्न सरकारी र गैह्रसरकारी क्षेत्रका प्रयास र सञ्चारमाध्यममा स्थानका बीच पछिल्लो समयमा बालविवाहको सङ्ख्या घटे पनि पूर्णतः मुक्त हुन सकेको छैन। यस स्थितिमा बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)ले प्लान नेपालको सहकार्य र राष्ट्रिय अन्तरधार्मिक सञ्जाल, नेपालको समन्वयमा धार्मिक अगुवालाई अगाडि सारेर अभियान सुरु गरेको छ। अभियानका क्रममा धार्मिक अगुवाहरूले सामूहिकरूपमा बालविवाह नगर्न, नगराउन आह्वानसहित यसबारे जनचेतना विस्तार गर्न प्रतिबद्धता जनाएका छन्।

सन् २०१९ को गरिएको राष्ट्रिय बहुसूचक क्षेत्र सर्वेक्षणको तथ्याङ्कअनुसार १५ देखि १९ वर्ष उमेर समूहका १९ प्रतिशत बालबालिकाले बालविवाह गर्ने गरेका छन्। स्वास्थ्य सेवा विभागको आर्थिक वर्ष २०७६/७७ को प्रतिवेदन अनुसार १५ देखि १९ वर्ष उमेर समूहका १७ प्रतिशत किशोरीहरू आमा वा गर्भवती भएका छन्। सोही प्रतिवेदनले सुरक्षित गर्भपतन गराउनेमध्ये प्रति १० जनामा एकजना किशोरीहरू हुने जनाएको छ। उक्त आर्थिक वर्षमा आठ हजार ४७२ किशोरीले गर्भपतन गराएका छन्।

नेपालको संविधानको धारा, ३९ मा बाल अधिकार रक्षाको व्यवस्था गरिएको छ भने मुलुकी अपराध संहिता, २०७४ को दफा ११ ले २० वर्ष नपुगी गरिने विवाहलाई बालविवाहलाई मानेर कसुरजन्य कार्य भनेको छ। बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६६ (२) मा बालविवाह गर्ने/गराउनेलाई रु ७५ हजार जरिवाना र तीन वर्षसम्म कैदको व्यवस्था गरिएको छ। बालबालिका भन्नाले १८ वर्षसम्मका नागरिकलाई बुझिने भएकाले विवाह गर्ने उमेर २० को साटो १८ वर्ष पुगेपछि मान्य हुने गरी कानुन संशोधन हुनुपर्ने बहस पनि चलिरहेको छ।

पूर्वीय दर्शनका आचार्य डिल्लीराम गौतमले वैदिक धर्मशास्त्रमा गृहस्थ जीवनको भार बहन गर्ने सक्ने भएपछि मात्रै विवाह गर्नु भनिएको बताउँदै २० वर्षभन्दा कम उमेरहमा पनि विवाह गर्न सकिने मनुस्मृतिका कतिपय श्लोकहरूलाई समाजले व्यवहार र अनुभवका आधारमा परिमार्जन हुँदै गएको जनाउनुभयो। इसाई धर्मका पाश्चर इशुजङ्ग कार्कीले बाइबलमा उमेर, शिक्षा र आर्थिक स्वावलम्बनको स्थितिमा पुगेपछि 'आदरणीय र पवित्र' विवाह गरिनुपर्ने धारणा राख्नुभयो। इस्लामिक महासङ्घका महासचिव मौलाना अब्दुल कालम मियाँ कतिपय मुलुकमा अभिभावकको सहमतिमा कम उमेरमा पनि विवाह गर्न मिल्ने व्यवस्था रहे पनि नेपालको सामाजिक स्थितिबमोजिम २० वर्ष उमेर भएपछि मात्रै विवाह गर्न मिल्ने व्यवस्था आएकाले त्यसको लागू हुनुपर्नेमा जोड दिनुभयो।

अखिल भिक्षु महासङ्घका उपाध्यक्ष भिक्षु धर्ममूर्तिले बुद्ध धर्मग्रन्थमा बालविवाह गर्न हुने वा नहुने भन्नेमा स्पष्ट उल्लेख नभए पनि विवाहका लागि केटाकेटी र अभिभावकले निर्वाह दायित्व उल्लेख हुनुले विवाहलाई सार्थक र सफल बनाउने गरी लाग्नुपर्नेमा जोड रहेको टिप्पणी गर्नुभयो।

नेकपा (एमाले) का सांसद आशाकुमारी विकले महिनावारी नहुँदै विवाह गर्दा पवित्रता हुन्छ भन्ने गलत व्याख्याका कारण विगतमा बालविवाह र धेरै सन्तान हुने अवस्था रहेकामा शैक्षिक र कानुनी प्रबन्धले सुधार देखिएको बताउनुभयो। नेकपा (माओवादी केन्द्र)का सांसद शान्ति पाख्रिनले विगतमा जेजस्तो गलत अभ्यास भए पनि आधुनिक समयमा कानुनी व्यवस्थाको सही कार्यान्वयन हुनुको विकल्प नभएको जनाउनुभयो।

बाल अधिकारकर्मी तारक धितालले कुनै पनि धर्म ग्रन्थमा बालविवाहलाई मान्यता नदिइएकाले धर्मका आडमा हुने बालविवाह कानुनतः पनि दण्डनीय भएकाले यसबारे व्यापक अभियान सञ्चालन गर्नुपर्ने स्थितिमा धार्मिक अगुवाहरूको सामूहिक प्रतिबद्धता आउनु सामयिक भएको बताउनुभयो। सिजपका अध्यक्ष राजेश शर्माले बाल विवाह अन्त्यका लागि समाजमा हरेक क्षेत्रको सकारात्मक भूमिका आवश्यक रहेको र यस क्रममा नागरिक समुदायले निरन्तर अभियान सञ्चालन गर्ने जनाउनुभयो।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



## आइगलग्गी सँ बचबाक लेल स्थानीय विपद जोखिम न्यूनिकरण समितिके सर्वसाधारणमें अनुरोध

असावधानी के कारण हरेक बर्ष सप्तरी जिला मे आइगलग्गी सँ जान आ माल के क्षति भ रहल छैक। आइगलग्गी सँ असामयीक मृत्यु सेहो भ सकैत अछि, तैं आइगलग्गी के रोकथाम के लेल निम्न उपाय सब अपनाउ आ आइगलग्गी सँ बचु आ बचाऊ।

- गाम घर मे घुर के कारण बेसी आइगलग्गी होयत छैक, तैं अनावश्यक घुर नै करु, घुर के आइग के नीक जकाँ मिझा क/बुता क सुतु आ घुर सँ आइग नहि लागय तै प्रति सब गोटे सजग आ सतर्क रहु।
- चुल्हाक आइग नीक सँ मिझाउ/बुताउ, चुल्हा पर खाना बनबैत काल पाईन चुल्हा के लग मे जरुर राखल करु।
- बौवा बुच्चीके आइग सँ दूर राखु।
- हवा बसात के समय मे आइग नै पजारु। सकभर भोरे खाना बनाउ आ हवा बसात कम भेलाक बादे खाना बनाउ।
- बिडी, सिगरेट पी क जथाभावी नै फेकु।
- चुल्हाके आइग बारी मे रहल छाउरक ढेरी पर मिझा क/बुता क मात्रै फेकल करु।
- बच्चा, वृद्ध, अपाङ्ग, गर्भवति आ सुत्केरी महिला सभ आइगक चपेट मे जल्दी पइर सकैत अछि तैं हिनका सबके आइगलग्गी सँ बचयबाक लेल सब गोटे सतर्क रही।
- जौं कतौ आइगलग्गी भ जाय त खाली हाथ नै जाक कमसेकम बाल्टिन या घैला मे पाइन ल क दौरु आ अविलम्ब आइग मिझाब/बुताब मे एक दोसर के सहयोग करु।
- जौं कतौ आइगलग्गी भ जाय त बारुणयन्त्र के तुरन्त खबर करु।
- भोर के ९ बजे तक खाना पकाक चुल्हा के आइगकै नीक जकाँ मिझाउ/बुताउ।
- खाना पकाब काल खर पातके प्रयोग केला पर आइगलग्गी भ सकैय तै के लेल पूरे सावधानी अपनाउ आ चुल्हाके नजदिक मे एक गोटे अनिवार्य रहल करी।
- दुपहरके समयमे हावा बेसी चलैके कारण भोर ९ बजे के बाद चुल्हा नै पजारु।
- घरके नजदिक मे थ्रेसर सञ्चालन नै क के घरसँ दूर या खेतमे सञ्चालन करु।
- सलाई, लाइटर, मट्टितेल लगायतके अन्य पेट्रोलियम पदार्थ बालबच्चा के पहुँच सँ दूर राखल जाउ।
- घरमे एक बाल्टीन पाइन २४से घण्टा राखल करी
- गोहालीमे घुर पजारैतकाल सावधानी अपनाउ।
- घरके कोनो सहज ठाममे २/४ बोरा बालु राखु जैस कहिँ कतौ आइगलग्गी भेला पर मिझाब मे/बुताब मे सहयोग हेतै।
- घर आ गोहालीमे लगायल टाट के नीक जकाँ माइट सँ दुनु दिस लेवा लगाउ।
- आइग सँ हुअ बाला जोखिम आ धनजनके क्षति के बारेमे परिवारके सदस्य सबके जानकारी कराक सजग आ सतर्कता अपनाउ।
- गाम घरमे बारुणयन्त्र आब बाला रस्ता बाट खुल्ला राखु आ बारुणयन्त्रके पोखइर सँ पाइन भर मे आ आइगलग्गी नियन्त्रण करबा मे सहयोग करी
- गामके पोखइरमे पाइन सञ्चित क के राखु।
- कहीँ कतौ आइगलग्गी भेला पर नजदिकके प्रहरी चौकी या जिल्ला प्रहरी कार्यालयके कन्ट्रोलके नम्बर ९८५२८९०२७० या १०० नम्बरमे जानकारी कराउ।
- ककरो जान या सम्पत्तिमे आइग लगेनाई अपराध छियै तैं एहेन काममे सहभागी नै होउ।

**अनुरोधकर्ता**

**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

# साना दलले पनि दलकै चिह्नमा चुनावमा भाग लिन पाउने

काठमाडौँ, १४ चैत (रासस) ।

निर्वाचन आयोगले आगामी स्थानीय तह निर्वाचन प्रयोजनाका लागि दर्ता भएका राजनीतिक दललाई आआफ्नै निर्वाचन चिह्न प्रदान गर्ने भएको छ ।

दलको राष्ट्रिय मान्यता प्राप्त नगरेका अन्य दललाई सम्बन्धित दलकै निर्वाचन चिह्न दिने आयोगले निर्णय गरेको प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो । जिल्लामा सङ्गठन संरचना रहेको विवरण प्राप्त भएका दललाई सम्बन्धित दलकै निर्वाचन चिह्न प्रदान गर्नेगरी आयोगले मतपत्र तयार गर्न लागेको छ ।

तत्तत् दलको जिल्लागत सङ्गठन संरचनाका आधारमा जिल्लागत तहमा दलको सङ्ख्यात्मक उपस्थिति भिन्नभिन्न रहेको छ । राष्ट्रिय मान्यता प्राप्त छसहित ७३ राजनीतिक दलले स्थानीय तह निर्वाचनका लागि दल दर्ता गराएका थिए । राष्ट्रिय मान्यता प्राप्तबाहेकका दललाई आआफ्नो दलको निर्वाचनमा चुनाव चिह्नमा निर्वाचनमा भाग लिने भए जिल्लागत क्रियाशील सङ्गठन संरचना बुझाउन समयसीमा तोकेर निर्देशन दिएको थियो । यसअघि राष्ट्रिय मान्यता दलबाहेक अन्य दललाई स्वतन्त्र समूहबाट चुनाव चिह्न प्रदान गर्ने अभ्यास थियो ।

स्थानीय तह निर्वाचनका लागि करिब दुई करोड मतपत्र छपाइका लागि आयोगले जनकशिक्षा सामग्री केन्द्रलाई तयारी हालतमा राखिएको छ । मतपत्रका लागि आयोगले आवश्यक कागजको यसअघि नै व्यवस्थापन गरिसकेको छ ।

## मधेस प्रदेश : ...

श्रमिक, न्यून आय भएका समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्तामाझ छरिएर रहेको पूँजी, सीप, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक, सांस्कृतिक तथा पर्यावरण उन्नयन गर्न सहकारी सङ्घ संस्थाहरुको प्रवर्द्धन नियमन सहकारी खेती, उद्योग तथा सेवा व्यवसायका माध्यमबाट आत्मनिर्भर, दिगो एवम् समाजवाद उन्मखु राष्ट्रिय अर्थतन्त्रको विकास र प्रादेशिक अर्थतन्त्रको विकास गर्न मधेस प्रदेशको प्रदेशसभाले नेपालको संविधानको धारा, १९७ बमोजिम यो ऐन निर्माण गरिएको बताइएको छ ।

यस विधेयक पारित भएसँगै मधेस प्रदेशमा पारित हुने विधेयकको सङ्ख्या ४४ पुगेको छ । प्रदेशसभाको अर्को बैठक चैत १६ गते बुधबार दिउँसो १ बजे बस्ने भएको छ ।

# 'राजसंस्था पुनःस्थापनाको सम्भावना अब समाप्त भयो'

पर्सा, १४ चैत (रासस) ।

राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल (राप्रपा) का अध्यक्ष कमल थापाले राजसंस्था पुनः स्थापनाको सम्भावना नेपालबाट समाप्त भएको जिकिर गर्नुभएको छ ।

राप्रपा नेपालले सोमबार वीरगञ्जमा आयोजना गरेको पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै उहाँले पछिलो १५ वर्षको राजानीतिक परिवर्तन र पूर्वराजाको दलप्रतिको आक्रमण सोचले राजसंस्था पुनःस्थापनको सम्भावनालाई समाप्त पारेको बताउनुभयो । राजसंस्थाको पुनःस्थापना नेपालकै राजनीतिक दल र आमजनताले गर्ने भए पनि पूर्वराजाले आफ्नो भावना सार्वजनिक गर्दा दलप्रति वितृष्णा फैलाउने काम मात्र गरेकाले राजसंस्था पुनःस्थापनाको सम्भावना समाप्त भएको अध्यक्ष थापाले प्रष्ट पानुभयो ।

उहाँले राजसंस्था पुनःस्थापनाको वकालत गर्ने एक मात्र पार्टी राप्रपामा पूर्वराजा र उनको सचिवालयले गरेको चलखलेका कारण आफू नयाँ बाटोतर्फ लागेको प्रष्ट पार्नुभयो । अध्यक्ष थापाले आउने स्थानीय तहको निर्वाचनबाट धेरै अपेच्छा नराखे पनि देशकै सम्पूर्ण स्थानीय तहमा राप्रपा नेपालका उम्मेदवार चुनाव लड्ने जानकारी दिनुभयो ।

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
राजगढ गाउँपालिका, सप्तरी

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734

# विश्व समाचार

## इजरायलका प्रधानमन्त्री कोरोना भाइरसबाट सङ्क्रमित

जेरुसेलम, १४ चैत (रासस/एएफपी) ।

इजरायलका प्रधानमन्त्री नाफ्ताली बन्नेटलाई कोरोनाभाइरसको सङ्क्रमण भएको छ । प्रधानमन्त्रीको कार्यालयले सोमबार दिएको जानकारीअनुसार अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङकनसँगको भेटवार्ता भएलगत्तै उहाँलाई सङ्क्रमण पुष्टि भएको हो । "हिस्टोरिक समिट" का क्रममा उहाँहरूका बीचमा आइतबार साइडलाइन भेटवार्ता भएको अधिकारीहरूले जनाएका छन् । समिति इजरायलको जेरुसेलममै भएको थियो । उहाँले अस्वस्थ महसुस गरेपछि एकान्तवासमै रहेर आफ्ना काम गरिरहनु भएको र तत्काल अरुसँग भौतिक सम्पर्कमा नरहने निर्णय गर्नु भएको जनाइएको छ ।

उहाँ त्यसअघि इजरायलकै उत्तरी सहर हाडेराको भ्रमणमा पनि जानु भएको थियो । त्यहाँ इस्लामी स्टेटका लडाकुहरूको आक्रमणमा परी दुई प्रहरी मारिएका थिए । घटनाका बारेमा उहाँले आइतबार राती रक्षा तथा सार्वजनिक सुरक्षा मन्त्री, सेना प्रमुख र अन्य उच्च सरकारी अधिकारीहरूसँग पनि छलफल गर्नु भएको थियो ।

## युक्रेनका स्वास्थ्य संस्थामा ७२ पटक आक्रमण भएको डब्लुएचओको दाबी

न्युयोर्क, १४ चैत (रासस/एएनआई) ।

रुसले युक्रेनका स्वास्थ्य संस्थामा ७२ पटक आक्रमण गरेको संयुक्त राष्ट्रसङ्घीय निकायले जनाएको छ । राष्ट्रसङ्घ अन्तर्गतको विश्व स्वास्थ्य सङ्गठनले रुसले युक्रेनमा आक्रमण सुरु गरेदेखि अहिलेसम्म स्वास्थ्य संस्थाहरूमा ७२ आक्रमण भएको जनाएको हो । रुसले युक्रेनमा गत फेब्रअरी २४ देखि निरन्तर सशस्त्र आक्रमण गर्दै आएको छ । स्वास्थ्य संस्थाहरू माथि आक्रमण गर्नु आधारभूत मानवअधिकार विरुद्धको अपराध र अन्तर्राष्ट्रिय युद्ध अपराध सरह हुने अधिकारवादीहरूले जनाएका छन् ।

रुसी सुरक्षाकर्मीहरूले युक्रेनी स्वास्थ्य संस्थाहरूमा आक्रमण गर्दा ७१ जनाको मृत्यु पनि भएको डब्लुएचओको प्रतिवेदनमा उल्लेख गरिएको छ । डब्लुएचओको प्रतिवदेन पढेपछि राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले गहिरो चिन्ता व्यक्त गर्नु भएको छ । उहाँले भन्नु भएको छ, "मानिसको स्वास्थ्यको अधिकारको रक्षा हुनु पर्दछ, स्वास्थ्य संस्था माथि जस्तो सुकै युद्धका बेलामा पनि आक्रमण गर्न पाइदैन ।" रुसले युक्रेनमाथि आक्रमण गरेकोप्रति पश्चिमा देशहरुसहित विश्वभरका अधिकांश देशहरूले रुसको आलोचना गरेका छन् । अन्तर्राष्ट्रिय निकाय तथा मानवअधिकारवादी सङ्गठनहरूले पनि तत्काल आक्रमण रोकेर वार्तामार्फत शान्ति कायम गर्न रुसलाई आग्रह गरेका छन् ।

## ह्वाइट हाउसका प्रवक्ता पनि कोरोना भाइरसबाट सङ्क्रमित

वासिङ्टन, १४ चैत (रासस/सिन्ह्वा) ।

अमेरिकी राष्ट्रपतिको कार्यालयका प्रवक्ता करिन जेन पिएर्रे पनि कोरोना भाइरसबाट सङ्क्रमित हुनुभएको छ । उहाँलाई कोरोना भाइरसको सङ्क्रमण भएको पुष्टि आइतबार राती भएको सरकारी अधिकारीहरूले जानकारी दिएका छन् । उहाँले आफूलाई सङ्क्रमण भएको पुष्टि भए पनि स्वास्थ्यमा कुनै समस्या नभएको स्पष्ट पार्नु भएको छ । "मैले अतिरिक्त खोप पनि लगाएकाले होला, मलाई स्वास्थ्यमा कुनै समस्या छैन, सामान्य लक्षण मात्रै देखिएको छ", सामाजिक सञ्जालमा उहाँले लेख्नु भएको छ ।

राष्ट्रपति कार्यालयको यससम्बन्धी नियम अनुसार आफूले कम्तीमा पाँच दिन घरमै आइसोलेसनमा बसेर काम गर्ने पनि उहाँले स्पष्ट पानु भएको छ । ४४ वर्षीया पिएर्रे यसअघि केही महिना अगाडि पनि कोरोनाभाइरसबाट सङ्क्रमित हुनुभएको थियो ।

## युक्रेनले रूससँगको वार्तामा शान्ति खोजिरहेको छ : जेलेन्स्की

कीभ, १४ चैत, (रासस-सिन्ह्वा) ।

युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले युक्रेनी प्रतिनिधिमण्डलले रुससँगको नयाँ चरणको वार्तामा शान्ति खोजिरहेको राष्ट्रपतिको प्रेस सेवाले सोमबार उल्लेख गरेको छ। "हाम्रो लक्ष्य स्पष्ट शान्ति र हाम्रो राज्यमा सकेसम्म चाँडो सामान्य जीवनको पुनर्स्थापना हो," जेलेन्स्कीले भन्नुभयो ।

वार्तामा अन्य शीर्ष कीभ प्राथमिकताहरूको रूपमा जेलेन्स्कीले युक्रेनको सार्वभौमसत्ता, क्षेत्रीय अखण्डता र प्रभावकारी सुरक्षा ग्यारेन्टीहरू लगायत विषय उठाउनु भएको छ । आइतबार, युक्रेनी प्रतिनिधिमण्डलका सदस्य डेभिड अरखामियाले युक्रेन र रुसबीचको अर्को चरणको वार्ता मार्च २८ देखि ३० सम्म टर्कीमा हुने बताउनुभयो ।

युक्रेनी र रुसी प्रतिनिधिमण्डलहरूले फेब्रअरी २८ देखि बेलारुसमा व्यक्तिगत रूपमा तीन चरणको वार्ता गरेका छन् । चौथो चरण भिडियो कन्फरेन्सको ढाँचामा मार्च १४ मा शुरु भएको हो ।

# राजविराज द किंग्स सप्तरी प्रिमियर लिगको फाइनलमा प्रवेश




**दैनिक समाचारदाता**
**राजविराज, १४ चैत ।**
राजविराजमा जारि मेयर कप सप्तरी प्रिमियर लिगको सोमबार सम्पन्न दुईवटा खेलमा राजविराज द किंग्स र तिलाठी कोइलाडी जायन्ट्स विजयी भएका छन् । यो जितसँगै राजविराज द किंग्स फाइनलमा प्रवेश गरेको छ ।

यस्तै मंगलबार तिलाठी कोइलाडी र राजविराज ब्रदर्श बीचको खेलबाट अर्को फाइनल खेल्ने टिमको छनौट हुनेछ ।

सम्पन्न पहिलो खेलमा तिलाठी कोइलाडी जायन्ट्सले टिभीएस किंग्स राजविराजलाई ५० रनले पराजित गरेको छ ।

जायन्ट्सले दिएको १ सय ९२ रनको लक्ष्य पछ्याउने क्रममा किंग्सले २० ओभरमा ९ विकेट क्षेतीमा १४१ रन मात्र बनायो । टिभीएस किंग्स राजविराजका ओपनर रोहन विकले आक्रामक ब्याटिंग गर्दै ८२ रन बनाएता पनि अन्य ब्याट्समयानले साथ दिन नसक्दा जित्न पर्याप्त रहेन ।

यु-१६ राष्टिृय क्रिकेटर रहीसकेका विकले ५४ बलमा ११ चौका र ४ छक्का प्रहार गरे । अर्का ओपनर शेख इमरानले २३ रन बनाउनु बाहेक अन्य ब्याट्सम्यानले दोहोरो अंक पार गर्न सकेनन् । कप्तान महबुब आलमले ४ रन मात्र बनाउन सके ।

प्लेयर अफ द म्याच समेत चुनिएका तिलाठी कोइलाडीका सुनिल धमलाले ४ विकेट लिए । योगेन्द्र सिंह कार्कीले ३ तथा रोहण विश्वकर्मले २ विकेट लिए ।

टस जितेर ब्याटिंग रोजेको तिलाठी कोइलाडीले २० ओभरमा ४ विकेट क्षेतीमा १ सय ९१ रन बनाएको थियो । तिलाठी कोइलाडीको ब्याटिंगमा राष्ट्रिय क्रिकेटर समेत रहेका ओपनर सुनिल धमलाले ७२ रन बनाए । जुन क्रममा उनले ४२ बलमा ८ चौका र ४ छक्का प्रहार गरे । यस्तै रोहन विश्वकर्माले अविजित ४०, योगेन्द्र सिंह कार्कीले ३० तथा भुवन कार्कीले २४ रनको योगदान गरे । टिभीएस किंग्स राजविराजका बलर महबुब आलमले २ तथा बिशाल सुश्लिंग र शेख इमरानले १/१ विकेट लिएका थिए ।

राजविराज नगरपालिकाको सहयोग तथा क्रिकेट संघ सप्तरीको आयोजनामा संचालित प्रतियोगितामा कुल पाँच टिमको सहभागिता रहेको छ ।

यस्तै सोमबारै सम्पन्न दोश्रो खेलमा राजविराज द किंग्सले डिफेन्डिङ च्याम्पियन बजाज खडक वारियर्सलाई ६ विकेटले पराजित गरेको छ । वारियर्सले दिएको १२३ रनको लक्ष्य द किंगले १६.१ ओभरमा ४ विकेट क्षतीमा भेटायो ।

राजविराज द किंग्सको ब्याटिंगमा ओपनर शंकर रानाले सर्वाधिक ७४ रन योगदान दिए जुन क्रममा प्लेयर अफ द म्याच चुनिएका उनले ५३ बलमा ६ चौका र ६ छक्का प्रहार गरे । सन्तोष कार्कीले १९ रन बनाए । वारियर्सका बलर सर्वन यादव, अरनिको यादव, मुकुन्द यादव र सिद्धान्त लोहनीले १/१ विकेट लिए ।

यस अघि टस जितेर ब्याटिंग गरेको बजाज खडक वारियर्सले २० ओभरमा सबै विकेट गुमाएर १२२ रन बनाएको थियो ।

वारियर्सको ब्याटिंगमा राज वर्माले सर्वाधिक २५ रोबिन सिंहले २० तथा सर्वन यादवले १९ रन योगदान दिए । राजविराज द किंग्सका बलर रुपेश कुमार सिंहले सर्वाधिक ३ विकेट, अनिल यादव र फिर्दोश अन्सारीले २/२ विकेट तथा रोहित कुमार सिंह र नन्दन यादवले १/१ विकेट लिए ।

पाँच टिम सहभागी प्रतियोगिताको लिग चरणमा सबै टिमले एकअर्का विरुद्ध १/१ खेल खेलेपछि उत्कृष्ट हुने दुई टिम फाइनल प्रवेश गर्नेछन् । टिभीएस किंग्स राजविराज, राजविराज द किंग्स, बजाज खडक वारियर्स, तिलाठी कोइलाडी जायन्टस र राजविराज ब्रदर्श प्रतियोगितामा सहभागी छन् ।

*हनुमाननगर ...*

मधेश प्रदेशका स्वास्थ्य निर्देशक विजय झा, जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनिया लाल यादव लगायतले सीप र ज्ञान दिदै प्राप्त समाग्रीको सदुपयोगमा जोड दिए ।

कार्यक्रमको अध्यक्षता नगर उप-प्रमुख सरिता यादवले गरेकी थिइन । उक्त कार्यक्रम मधेश प्रदेशको ८ वटै जिल्लाका १६ वटा स्थानीयतहमा संचालनमा ल्याइएको समाजिक विकास मन्त्री साहका स्वकिय सचिव राजकुमार यादवले जानकारी दिएका छन् ।

# बिपद् व्यबस्थापन सम्बन्धी अभिमुखिकरण सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, १४ चैत ।**
राजबिराज नगरपालिका वडा नं. १४ स्थित परसाहीमा बिपद व्यबस्थापन सम्बन्धी एक दिने अभिमुखिकरण तालिम सम्पन्न भएको छ ।

एभर ग्रिन नेपालको आयोजना तथा राजबिराज नगरपालिकाको सहयोगमा उक्त अभिमुखिकरण तालिम सम्पन्न भएको हो।

आयोजित तालिमको अवसरमा वडा अध्यक्ष शोभालाल मण्डलले बिपद् जोखिम न्युनिकरण तथा व्यबस्थापनका लागि बाढी र पहिरोको समयमा सर्तकता अपनाउनु पर्नेमा जोड दिए ।

उनले बर्षेनि बाढी, पहिरोका कारण सयौं घर डुबान पर्नुको साथै जनधनको समेत क्षति पुग्ने भएकोले बाढीको समयमा संचार माध्यमबाट आएको सूचनालाई आधार बनाएर सतर्क हुनुपर्ने बताए ।

परसाहीका दलित तथा बिपन्न परिवारलाई लक्षित गरी आयोजित बिपत व्यबस्थापन न्युनिकरण सम्बन्धी अभिमुखिकरणमा राजबिराज नगरपालिका का पोषण सहजकर्ता रंजिता कुमारी यादवले सहजिकरण गरेकी थिईन । सो अभिमुखिकरणका ४५ जना दलित महिलाहरूको सहभागिता रहेको आयोजक संस्थाका सुनिल देवले जानकारी दिए ।

# चैत २५ देखि बालबालिकालाई टाइफाइड विरुद्धको खोप

काठमाडौं, १४ चैत (रासस) ।
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले एक वर्ष तीन महिनादेखि १५ वर्षसम्मका बालबालिकालाई टाइफाइड विरुद्धको खोप लगाउने भएको छ ।

मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीका अनुसार देशभरि नै एक वर्ष तीन महिनादेखि १५ वर्षमुनिका बालकालिकालाई आगामी चैत २५ देखि वैशाख १८ गतेसम्म टाइफाइड विरुद्धको खोप लगाइने भएको हो ।

मन्त्रालयले अभिभावकलाई नजिकैको खोप केन्द्रमा गई सो खोप लगाउनका लागि आग्रह गरेको छ । उक्त अभियानमा बालबालिकालाई एक मात्रा टाइफाइड विरुद्धको खोप प्रदान गरिने छ । उहाँले यसअभियान पश्चात अबदेखि नियमित खोप कार्यक्रममा टाइफाइड खोप पनि समावेश गर्ने जनाकारी दिनुभयो ।

ट्राफिक नियमको पालना गरौं।

- बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं ।
- सडक बत्ति हेरेर मात्र बाटो काटौं ।
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ्ग नगरौं ।
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ्ग गरौं ।
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं ।

सडक दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*